# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रेडक्रसग्राम, चितवन बागमती प्रदेश, नेपाल २०७३

## कवाडी कर (निकासी तथा संकलन) सम्बन्धी सिलबन्दी दरभाउपत्र सम्बन्धी बढाबढ सूचना।

(प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०५/११)

यस नगरपालिकाको आ.व.२०८३/०८४ को आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्ती) गर्ने प्रयोजनको लागि कालिका नगरपालिका नगर कार्यपालिकाको मिति २०८३/०५/०९ गतेको निर्णय अनुसार तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्न लिखित शर्तहरुको अधिनमा रहि ठेक्का नम्बर अनुसारको सिलबन्दी दरभाउपत्र फारम खरिद गरी रितपूर्वक सिलबन्दी दरभाउ पेश गर्न १५ (पन्ध्र) दिने यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क.स. | ठेक्का नं. | ठेक्का/बोलपत्रको नाम | ठेक्का अवधि | बार्षिक न्यूनतम कबोल अंक(मू.अ.क.बाहेक)रु. | जमानत रकम | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | KM/LR/01/2083/084 | कवाडी कर (निकासी तथा संकलन) | २०८४ असार मसान्त सम्म | रु.३,३५,१५०.५०/- (तीन लाख पैतिस हजार एक सय पचास रुपैया पचास पैसा) | कबोल अंकको दश प्रतिशत रकम | रु.१००० /-(एक हजार रुपैयाँ) |

शर्तहरु:-

१) सिलबन्दी दरभाउपत्रको यो सूचना प्रकाशन भएको मिति २०८३/०५/११ गते देखि १५ दिन (मिति २०८३/०५/२५) गते भित्र फर्म वा कम्पनीहरुले नविकरण भएको फर्म तथा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपी, स्थायी लेखा नं.प्रमाण पत्रको प्रतिलिपी र आ.व.२०८१/८२ को करचुक्ताको प्रमाणपत्रको प्रतिलिपीहरु लिखित निवेदन साथ माथि उल्लेखित दस्तुर (पछी फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व शाखामा जम्मा गरी सिलबन्दी दरभाउपत्र खरिद गर्न सकिने छ।

२) सिलबन्दी दरभाउपत्र मिति २०८३/०५/२६ गते मध्यान्ह १२:०० बजे भित्र यस कार्यालय दर्ता गर्नुपर्नेछ। सिलबन्दी दरभाउपत्र पेश गर्दा सिलबन्दी गरी कार्यालयको नाम, ठेगाना, ठेक्का नम्बर र कामको विवरण तथा सिलबन्दीवालाको नाम, ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नुपर्ने छ। सिलबन्दी दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको पहिलो दिन सोही समयमा हुनेछ।

३) सिलबन्दी दरभाउपत्र साथ आफूले कबोल गरेको अंकको १० प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको नाममा ग्लोबल आइ एम इ बैङ्क खोलेसिमल शाखामा रहेको धरौटी खाता ग ३.१ खाता नं.११३०४०१००००००४ मा जम्मा गरेको सक्कल बैङ्क भौचर वा बैङ्क जमानत पेश गर्नु पर्नेछ।

फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np

# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल


४) म्याद भित्र दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु दर्ता भएको अन्तिम दिनको २:०० बजे पछि दरभाउपत्रवाला वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ। म्याद नाघी आएको, कार्यालयबाट बिक्री नभएको सिलबन्दी दरभाउपत्र फारम भरी आएको सिलबन्दी दरभाउपत्रवालाको दस्तखत एवं छाप नभएको र प्रचलित कानूनको रित नपुगेको र शर्त राखी पेश भएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन। दरभाउपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

५) सिलबन्दी दरभाउपत्र स्वीकृत भएको सूचना प्राप्त भएकोले मितिले बाटो म्याद बाहेक ७ दिन भित्र आफूले कबोल गरेको अंकको एकमुष्ट रकम यस कार्यालयको नाममा ग्लोबल आई एम इ बैङ्क खोलेसिमल शाखामा रहेको आन्तरिक राजश्व खाता ग.१.१ खाता नं. ११३०४०१०००००१३ मा जम्मा गरी सक्कल बैंक भौचर वा बैंक जमानत पेश गरी ठेक्का कबुलियत गर्न आउनु पर्नेछ।

६) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेको व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेस्की/बेरुजु बाँकी हुनेले फर्छ्यौट नगरेसम्म सिलबन्दी दरभाउपत्र खरिद गर्न पाउने छैन।

७) दर्ता भएका सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

८) यसमा उल्लेख भएको कुराहरु यस बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ। साथै संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिकाबाट समय समयमा गरिएको निर्देशनहरुको सिलबन्दी दरभाउपत्रवालाले पालना गर्नु पर्नेछ। कवाडी करको प्रकार र कर तथा दस्तुरको दरहरु नगरपालिकाको आर्थिक ऐन, २०८३ बमोजिम हुनेछ।

९) कवाडी कर तथा निकाशी शुल्क, दस्तुर संकलन कार्य नगरपालिका क्षेत्रभित्र मात्र गर्न पाइनेछ।

१०) यस सम्बन्धमा अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ।

देवराज चौलागाई
(प्रमुख प्रशासकीय अधिकृत)